# नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४ को उपदफा (१) को खण्ड (ख) मा उल्लिखित उद्देश्य कार्यान्वयन गर्न सोही ऐनको दफा ११० को उपदफा (२) को खण्ड (ण) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको संचालक समितिले देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१ .संक्षिप्त नाम र प्रारम्भः (१) यी विनियमहरुको नाम "नेपाल राष्ट्र बैंक खुला बजार कारोवार विनियमावली, २०७१" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।*

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "संचालक समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको संचालक समिति सम्झनु पर्छ ।

(घ) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनु पर्छ ।

(ङ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले विनियम ३ को उपविनियम (१) बमोजिम गठन भएको खुला बजार कारोबार संचालन समिति सम्झनु पर्छ ।

(छ) "केन्द्रीय कार्यालय" भन्नाले बैंकको केन्द्रीय कार्यालय सम्झनु पर्छ ।

(ज) "तरलता" भन्नाले वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले बैंकमा राखेको मौज्दातलाई सम्झनु पर्छ ।

(झ) "मौद्रिक नीति" भन्नाले ऐनको दफा ९४ वमोजिम बैंकबाट जारी गरिएको मौद्रिक नीति सम्वन्धी प्रतिवेदन सम्झनु पर्छ । साथै, सो शब्दले मौद्रिक नीति सम्वन्धी प्रतिवेदन अन्तर्गत बैंकले समय समयमा जारी गरेका मौद्रिक नीतिको अध्यावधिक एवं समीक्षात्मक विवरण समेतलाई जनाउँदछ ।

(ञ) "सचिवालय" भन्नाले खुला बजार कारोबार संचालन समितिको सचिवालय सम्झनु पर्छ ।

(ट) "काउण्टरपार्टी" भन्नाले बैंकले मौद्रिक नीति सम्वन्धी प्रतिवेदन मार्फत काउण्टरपार्टी भनी तोकिदिएका वाणिज्य बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(ठ) "विभाग" भन्नाले बैंक अन्तर्गत रहेको राष्ट्र ऋण व्यवस्थापन विभाग सम्झनु पर्छ ।

---

*नेपाल राष्ट्र बैंकको संचालक समितिको मिति २०७१/१/२५ मा बसेको वैठकद्वारा पारित ।

## परिच्छेद - २

## खुला बजार कारोबार संचालन समिति

३. **खुला बजार कारोबार संचालन समितिको गठन**: (१) यस विनियमावलीमा उल्लिखित कार्यहरुलाई सुचारु रुपले सम्पादन गर्नका लागि देहायका सदस्य भएको एउटा खुला बजार कारोबार संचालन समिति गठन गरिनेछः-

| | | |
|---|---|---|
| (क) | डेपुटी गभर्नर | अध्यक्ष |
| (ख) | राष्ट्र ऋण व्यवस्थापन विभागको कार्यकारी निर्देशक | सदस्य |
| (ग) | अनुसन्धान विभागको कार्यकारी निर्देशक | सदस्य |
| (घ) | अर्थ मन्त्रालयको प्रतिनिधि (रा.पं.प्रथम श्रेणी) | सदस्य |
| (ङ) | राष्ट्र ऋण व्यवस्थापन विभागको निर्देशक (बरिष्ठ) | सदस्य-सचिव |

(२) उपविनियम (१) बमोजिम गठन भएको समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार विशेषज्ञ वा अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपविनियम (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(४) उपविनियम (१) बमोजिम गठित समितिको बैठकमा भाग लिए वापत समितिका सदस्य, आमन्त्रित सदस्य तथा समितिको सचिवालयको कार्य गर्ने विभागका अधिकृत तथा कर्मचारीले गभर्नरले तोकिदिए बमोजिमको बैठक भत्ता तथा खाजा खर्च पाउने छन् ।

४. **समितिको बैठक**: (१) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा समितिको बरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ । तर कम्तिमा सप्ताहको एक पटक समितिको बैठक बस्नु पर्नेछ ।

(३) समितिको बैठक अध्यक्षको अनुमति लिई सदस्य-सचिवले बोलाउनेछ ।

(४) समितिको बैठकको अध्यक्षता गर्ने व्यक्ति लगायत कम्तीमा तीन जना सदस्यको उपस्थिति भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बहुमतको निर्णय समितिको निर्णय मानिनेछ । कुनै प्रस्तावको पक्ष र विपक्षमा मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

५. **समितिको सचिवालय**: (१) समितिको सचिवालय राष्ट्र ऋण व्यवस्थापन विभागमा रहनेछ।

(२) समितिको सचिवालयमा आवश्यकतानुसार अधिकृत तथा कर्मचारीहरु रहनेछन् ।

६. **समितिको काम, कर्तव्य र अधिकार**: (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैंकले प्रत्येक आर्थिक वर्षको मौद्रिक नीति सम्बन्धी प्रतिवेदन सार्वजनिक जानकारीको लागि प्रकाशन गरे पछि सो नीतिमा उल्लेखित उद्देश्य, अन्तरिम लक्ष्य, कार्यान्वयन लक्ष्य समेतलाई आधार बनाई खुला बजार कारोवार गर्ने ।

(ख) खण्ड (क) वमोजिमको खुला बजार कारोबार गर्दा प्रयोगमा ल्याउनु पर्ने उपकरण छनौट गर्ने, भुक्तानी अवधि निर्धारण गर्ने, बोलकबोल गराउने तथा अन्य आवश्यक प्रक्रिया निर्धारण गर्ने ।

(ग) खुला बजार कारोबारका क्रममा काउण्टरपार्टीको योग्यता मूल्याङ्कन गर्ने, सहभागिता गराउने तथा काउण्टरपार्टीले उत्तरदायित्व पूरा नगरेमा कारवाही गर्ने ।

(घ) समितिलाई निर्णय प्रक्रियामा आवश्यक पर्ने विवरण, तथ्याङ्क, विश्लेषणात्मक प्रस्ताव, प्रतिवेदन तथा अन्य सूचना बैंकका विभिन्न विभागसँग माग गर्ने ।

(ङ) तरलता व्यवस्थापन प्रयोजनका लागि आवश्यक नीति निर्माण गर्ने सम्बन्धमा संचालक समिति समक्ष सिफारिस गर्ने ।

(च) खुला बजार कारोवार सम्बन्धी अन्य आवश्यक सम्पूर्ण काम कारवाहीहरु गर्ने ।

(२) उपविनियम (१) बमोजिमको काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्ने सम्बन्धमा समितिले आवश्यकता अनुसार मौद्रिक नीति कार्यान्वयन र खुला बजार कारोबार सम्बन्धी विशेषज्ञ रहेको उपसमिति गठन गर्न सक्नेछ । यसरी गठन गरेको उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

(३) उपविनियम (२) बमोजिम गठित उपसमितिको वैठकमा भाग लिए वापत सो उपसमितिका सदस्य एवं सचिवालयका अधिकृत तथा कर्मचारीले गभर्नरले तोकिदिए बमोजिमको बैठक भत्ता तथा खाजा खर्च पाउने छन् ।

७. <u>जानकारी गराउने</u>: खुला बजार संचालन गर्दा अपनाइएका प्रक्रिया एवं निर्णयहरुको सम्बन्धमा समितिले गभर्नरलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ ।

८. <u>गोप्यता</u>: (१) समितिको बैठकमा उठेका विषयवस्तु र गरिएका निर्णयहरु समितिका अध्यक्ष तथा सदस्यले गोप्य राख्नु पर्नेछ ।

(२) समितिले सार्वजनिक गर्न आवश्यक सम्झेका निर्णयहरु बैंकको वेवसाइट मार्फत सार्वजनिक गर्न सक्नेछ ।

## परिच्छेद - ३

## <u>खुला बजार कारोबार संचालन</u>

९. <u>खुला बजार कारोबार संचालनका उद्देश्य तथा लक्ष्य:</u> (१) वित्तीय बजारमा तरलता व्यवस्थापन गर्ने, बजार व्याजदरलाई व्यवस्थित गर्ने तथा मौद्रिक नीतिको कार्यदिशाको संकेत दिने उद्देश्यहरु हासिल गर्न बैंकको पहलमा मात्र विनियम १० को उपविनियम (१) बमोजिमका खुला बजार कारोबार गरिनेछ ।

(२) खुला बजार कारोबार संचालनको लक्ष्य मौद्रिक नीतिबाट निर्धारण भए बमोजिम हुनेछ ।

१०. <u>खुला बजार कारोबारका किसिम</u>: (१) समितिले मौद्रिक नीतिका उद्देश्यहरु प्राप्त गर्न नियमित, आकस्मिक एवं संरचनात्मक प्रकृतिको तरलता व्यवस्थापनका लागि बैंकको अनुसन्धान विभागले तयार गर्ने तरलता अनुगमन तथा प्रक्षेपण संरचना सम्वन्धी प्रतिवेदन

तथा निक्षेप एवं कर्जाको विस्तार, अन्तर बैंक व्याजदर, विदेशी विनिमयको प्रवाह लगायतका वित्तीय सूचकका आधारमा बैंकको तर्फबाट रकम आव्हान गरी नेपाल सरकारको ट्रेजरी विल्स, विकास ऋणपत्र लगायत मौद्रिक नीतिमा व्यवस्था भए अनुसारका अन्य योग्य सुरक्षणपत्रहरुको धितोमा देहाय बमोजिमका खुला बजार कारोबार संचालन गर्न सक्नेछ:-

(क) नियमित खुला बजार कारोबार

(ख) आकस्मिक खुला बजार कारोबार

(ग) संरचनात्मक खुला बजार कारोबार

(२) खुला बजार कारोबारका लागि प्रयोग गरिने उपकरणहरुका आवश्यक शर्त, प्रक्रिया, अवधी, सूचना, तथ्याङ्क एवं अन्य विषयमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

११. <u>नियमित खुला बजार कारोबार</u>: (१) वित्तीय बजारमा देखिने साधारण प्रकृतिको न्यून/अधिक तरलतालाई व्यवस्थापन गर्न समितिले प्रत्येक बुधबार सात दिनका लागि रिपो/रिभर्स रिपो उपकरणमा आधारित नियमित खुला बजार कारोबार गर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको रिपो/रिभर्स रिपो गर्दा काउण्टरपार्टीहरुको कुल स्वदेशी निक्षेप दायित्वको बढीमा दुई प्रतिशतको सीमाभित्र रही गर्नुपर्नेछ ।

(३) नियमित खुलाबजार कारोबार गर्दा बहु व्याजदरमा कारोबार गरिनेछ ।

१२. <u>आकस्मिक खुला बजार कारोबार</u> : (१) वित्तीय बजारमा असाधारण प्रकृतिको न्यून/अधिक तरलताको स्थिति देखिएमा सोको व्यवस्थापन गरी बजार व्याजदरलाई व्यवस्थित गर्न समितिले आवश्यकता अनुसार कुनै पनि दिन बढीमा तीन महिना सम्मका लागि आकस्मिक खुला बजार कारोबार गर्न सक्नेछ ।

(२) समितिले आकस्मिक खुला बजार कारोबारका लागि रिपो/रिभर्स रिपो उपकरण प्रयोग गर्नेछ र आवश्यक परेमा निक्षेप उपकरण समेत प्रयोग गर्न सक्नेछ ।

(३) उपविनियम (२) बमोजिमको निक्षेप उपकरण प्रयोग गर्दा काउण्टरपार्टीहरुको कुल स्वदेशी निक्षेप दायित्वको बढीमा दुई प्रतिशतको सीमाभित्र रही गर्नुपर्नेछ ।

१३. <u>संरचनात्मक खुला बजार कारोबार</u> : (१) समितिले दीर्घकालीन प्रकृतिको तरलता व्यवस्थापन र मौद्रिक नीतिको कार्यदिशाको संकेत दिन आवश्यकता अनुसार संरचनात्मक खुला बजार कारोबार गर्न सक्नेछ ।

(२) समितिले संरचनात्मक खुला बजार कारोवारका लागि सोझै खरिद/विक्री बोलकबोल, नेपाल राष्ट्र बैंक ऋणपत्र र आवश्यकता अनुसार अधिकतम छ महिनासम्मका लागि रिपो/रिभर्स रिपो जस्ता उपकरण प्रयोग गर्न सक्नेछ ।

(३) उपविनियम (२) बमोजिम नेपाल राष्ट्र बैंक ऋणपत्र जारी गर्दा बैंकको संचालक समितिबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उपविनियम (२) बमोजिमका उपकरण प्रयोग गर्दा काउण्टरपार्टीहरुको कुल स्वदेशी निक्षेप दायित्वको बढीमा दुई प्रतिशतको सीमाभित्र रही गर्नुपर्नेछ ।

१४. <u>रिपो/रिभर्स रिपो बोलकबोल कारोबार</u>: (१) वित्तीय प्रणालीमा तरलता न्यून/अधिक भएको अवस्थाका बारेमा समिति निश्चित भएमा रिपो/रिभर्स रिपो बोलकबोल कारोबार

मार्फत तरलता प्रवाह/प्रशोचन गर्न सक्नेछ । यस्तो कारोबार गर्दा बैंकले भविष्यमा निश्चित मितिमा निश्चित रकम बरावरको ऋणपत्र खरिद/बिक्री गर्ने प्रतिवद्धता सहित काउण्टरपार्टीसंग सम्झौता गर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको सम्झौता अनुसूची- १ मा उल्लिखित मास्टर रिपर्चेज एग्रीमेण्ट बमोजिम हुनेछ ।

(३) बैंकसंग माष्टर रिपर्चेज एग्रीमेण्ट नगरेका काउण्टरपार्टीहरु रिपो/रिभर्स रिपो बोलकबोल कारोबारमा सहभागी हुन योग्य मानिने छैनन् ।

(४) रिपो/रिभर्स रिपो बोलकबोल कारोबार गरिने रकम, भुक्तानी मिति, योग्य सुरक्षणपत्र तथा अन्य आवश्यक कागजातको विषयमा बैंकको वेवसाइट वा अनलाइन माध्यमबाट सार्वजनिक जानकारी गराउनु पर्नेछ ।

(५) रिपो/रिभर्स रिपो बोलकबोल कारोबार ब्याजदरमा आधारित बोलकबोल प्रक्रिया मार्फत गर्नु पर्नेछ । बोलकबोलमा भाग लिने काउण्टरपार्टीहरुमध्ये सवैभन्दा बढी/कम ब्याजदर बोल गर्ने संस्थाको क्रममा कूल निष्कासित रकमले खामे सम्मको बोलवालालाई रिपो/रिभर्स रिपो उपकरण वाँडफाँड गरिनेछ ।

(६) समितिले प्रतिस्पर्धी बोलकबोलको अभावमा मौद्रिक नीतिको उद्देश्य हासिल नभई तरलता व्यवस्थापन नहुने स्पष्ट संकेत पाएमा रिपो/रिभर्स रिपो उपकरणको न्यूनतम/अधिकतम कटअफ (Cut-off) ब्याजदर समेत तोक्न सक्नेछ ।

(७) विभागले रिपो/रिभर्स रिपो वोलकवोलको परिणाम बैंकको वेवसाइट वा अनलाइन मार्फत सार्वजनिक गर्नेछ ।

१५. <u>सोझै खरिद/बिक्री बोलकबोल कारोबार</u>: (१) वित्तीय प्रणालीमा दीर्घकालीन न्यून/अधिक तरलता भएको विषयमा समिति सन्तुष्ट भएमा सोझै खरिद/बिक्री बोलकबोल कारोबार मार्फत तरलता प्रवाह/प्रशोचन गर्न सकिनेछ । यस्तो कारोबार गर्दा काउण्टरपार्टीले आ–आफ्नो स्वामित्वमा रहेको नेपाल सरकारको ट्रेजरी बिल्स, विकास ऋणपत्र लगायत अन्य योग्य सुरक्षणपत्रहरु तोकिएको अवधिसम्मको लागि खरिद/बिक्री गर्ने सम्झौता गर्नेछ ।

(२) सोझै खरिद/बिक्री बोलकबोल कारोबार गरिने रकम, भुक्तानी मिति, योग्य सुरक्षणपत्र तथा अन्य आवश्यक कागजातको विषयमा बैंकको वेवसाइट वा अनलाइन मार्फत सार्वजनिक जानकारी गराउनु पर्नेछ ।

(३) सोझै खरिद/बिक्री बोलकबोल कारोबार बोल मूल्यमा बोलकबोल प्रक्रिया मार्फत गर्नु पर्नेछ । बोलकबोलमा भाग लिने काउण्टरपार्टीहरुमध्ये सबैभन्दा कम/बढी बोलकबोल गर्ने संस्थाको क्रममा कुल निष्कासित रकमले खामेसम्मको बोलवालालाई सोझै खरिद/बिक्री उपकरण बाँडफाँड गरिने छ ।

(४) समितिले प्रतिस्पर्धी बोलकबोलको अभावमा मौद्रिक नीतिका उद्देश्य हासिल नभई तरलता व्यवस्थापन नहुने स्पष्ट संकेत पाएमा सोझै खरिद/बिक्री उपकरणको न्यूनतम/अधिकतम कटअफ (Cut-off) मूल्य तोक्न सक्नेछ ।

(५) विभागले सोझै खरिद/बिक्री बोलकबोल कारोबारको परिणाम बैंकको वेवसाइट वा अनलाइन मार्फत सार्वजनिक गर्नेछ ।

१६. <u>अन्य उपकरण जारी गर्न सक्ने</u>: (१) वित्तीय बजारमा दीर्घकालीन प्रकृतिको अत्यधिक तरलता रहेको देखिएमा सोको आवश्यक व्यवस्थापनका लागि मौद्रिक नीति तथा बैंकको अनुसन्धान विभागले तयार गर्ने तरलता अनुगमन तथा प्रक्षेपण संरचना सम्वन्धी

प्रतिवेदनका आधारमा समितिले निक्षेप संकलन तथा नेपाल राष्ट्र बैंक ऋणपत्र जस्ता उपकरण जारी गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम जारी हुने उपकरण बोलकबोल प्रक्रियाद्वारा ब्याजदरमा निष्कासन गरिनेछ ।

## परिच्छेद - ४

## तरलता व्यवस्थापन सम्बन्धी थप व्यवस्था

१७. स्थायी तरलता सुविधा: (१) काउण्टरपार्टीहरुले सरकारी ऋणपत्रको धितोमा बैंकद्वारा निर्धारित अवधिसम्मका लागि निर्धारित ब्याजदरमा बैंकबाट स्थायी तरलता सुविधा उपयोग गर्न सक्नेछन् ।

(२) स्थायी तरलता सुविधा उपयोग गर्न चाहने काउण्टरपार्टीले अनुसूची- २ बमोजिमको निवेदनका साथै अनुसूची-३ बमोजिमको धितो राखिएका ऋणपत्रहरुको विवरण विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम तरलता माग गर्दा काउण्टरपार्टीले आफूसंग रहेको सरकारी ऋणपत्र (ट्रेजरी विल्स र विकास ऋणपत्र) तथा बैंकद्वारा निर्धारित अन्य सुरक्षणपत्रको सक्कलै प्रति धितो वापत निबेदन साथ पेश गर्नु पर्नेछ ।

(४) उपविनियम (३) बमोजिम काउण्टरपार्टीले माग गर्ने रकम र धितो बापत राख्नु पर्ने ऋणपत्र तथा सुरक्षणपत्रको बजार मूल्यको अनुपात बैंकले समय समयमा तोके बमोजिम हुनेछ ।

(५) उपविनियम (१) बमोजिमको स्थायी तरलता सुविधा उपयोग गर्न चाहने काउण्टरपार्टीले अनुसूची - ४ बमोजिमको “स्थायी तरलता सुविधा सम्बन्धी कार्यविधि" को पालना गर्नु पर्नेछ

(६) स्थायी तरलता सुविधा उपयोग गर्न चाहने काउण्टरपार्टीले बैंकमा खाता खोलेको हुनु पर्नेछ ।

## परिच्छेद - ५

## खुला बजार कारोबारका काउण्टरपार्टीहरु

१८. खुला बजार कारोबारका काउण्टरपार्टीको योग्यता: खुला बजार कारोबारका काउण्टरपार्टीहरुको योग्यता देहाय बमोजिम हुनेछ:-

(क) काउण्टरपार्टीहरु बैंकको  नियमनको दायरा भित्र रहेका,

(ख) वित्तीय रुपमा सबल रहेका,

(ग) अनिबार्य नगद मौज्दात कायम गर्नु पर्ने भनी तोकिएका,

(घ) बैंकको कारबाहीमा नपरेका ।

१९. काउण्टरपार्टीले गर्न नहुने काम: काउण्टरपार्टीले देहाय बमोजिमका काम गर्न पाइने छैन:-

(क) खुला बजार संचालनको स्वस्थ, प्रतिस्पर्धी एवं कुशल प्रक्रियालाई बाधा पुर्‍याउने ।

(ख) काउण्टरपार्टीले एक आपसमा मिलोमतो गरी बजारको माग, आपूर्ति, ब्याजदर एवं तरलतालाई प्रभावित पार्ने ।

(ग) काउण्टरपार्टीले आफूले कबोल गरेको रकम लिने/दिने प्रयोजनार्थ बैंकमा रहेको खातामा अपर्याप्त रकम राख्ने ।

## परिच्छेद -६

## सुरक्षण सम्बन्धी व्यवस्था

२०. **खुला बजार कारोबारका लागि सुरक्षणपत्र** : खुला बजार कारोबारका सन्दर्भमा गरिने रिपो/रिभर्स रिपो एवं सोझै खरिद/बिक्री कारोबार तथा स्थायी तरलता सुविधा कारोबारका लागि काउण्टरपार्टीहरुले निम्नानुसारका सुरक्षणपत्र बैंक समक्ष पेश गर्नु पर्नेछः-

(क) सरकारी सुरक्षण पत्रहरु (ट्रेजरी बिल्स र विकास ऋणपत्रहरु),

(ख) नेपाल राष्ट्र बैंक ऋणपत्र र

(ग) बैंकद्वारा निर्धारित अन्य सुरक्षणपत्र ।

२१. **सुरक्षणपत्रको मूल्याङ्कन** : खुला बजार कारोबार गर्दा सुरक्षणपत्रको तरलता, निष्कासन गर्ने निकायको साख, अंकित ब्याजदर र सो को बाँकी भुक्तानी अवधिका आधारमा सुरक्षणपत्र मूल्याङ्कन गरिनेछ ।

## परिच्छेद -७

## विविध

२२. **समिति र विभाग बीचको सम्बन्ध**: यस विनियमावली बमोजिम समितिसंग सम्पर्क गर्नु परेमा विभाग मार्फत गर्नु पर्नेछ ।

२३. **आन्तरिक कार्यविधि बनाउने**: (१) यस विनियमावली बमोजिमको काम कारबाही सुव्यवस्थित, सरल, छिटो छरितो, र प्रभावकारी रुपमा सञ्चालन गर्न विभागले आवश्यक परिपत्र, निर्देशन जारी गर्न तथा आन्तरिक कार्यविधि एवं अख्तियार प्रत्यायोजन तालिका समेत बनाउन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम जारी गरिने परिपत्र, निर्देशन, आन्तरिक कार्यविधि एवं अधिकार प्रत्यायोजन तालिका गभर्नरबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२४. **बाधा अड्काउ फुकाउने**: (१) यस विनियमावली बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा समितिको सिफारिसमा बैंकको संचालक समितिले सो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२५. **बचाउ**: राष्ट्र ऋण नियमावली, २०५९ को नियम १७ बमोजिम गठित समितिबाट भए गरेका मौद्रिक तथा तरलता व्यवस्थापन सम्वन्धी सम्पूर्ण काम कारबाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची -१

# माष्टर रिपर्चेज एग्रीमेण्ट

## प्रस्तावना

मौद्रिक तरलता व्यवस्थापनको अल्पकालीन उपकरणको रुपमा आर्थिक वर्ष २०६१/६२ देखि नेपाल राष्ट्र बैंकको अग्रसरतामा बोलकबोलको माध्यमबाट रिपो तथा रिभर्स रिपो कारोबार नेपाल राष्ट्र बैंक र वाणिज्य बैंक, विकास बैंक एवं वित्त कम्पनीहरु बीच हुँदै आएको । रिपो बोलकबोल अन्तर्गत नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरुलाई तरलता उपलब्ध गराउने गरेको । रिभर्स रिपो बोलकबोल अन्तर्गत नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरुबाट तरलता प्रशोचन गर्ने गरेको । रिपो बोलकबोल कारोबार गर्दा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरुबाट नेपाल सरकारको ट्रेजरी बिल धितोको रुपमा लिने गरेको तथा रिभर्स रिपो बोलकबोल कारोबार गर्दा नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका ट्रेजरी बिल, विकास ऋणपत्र तथा अन्य ग्राह्य सुरक्षणपत्र धितोको रुपमा रहने गरेको । रिपो बोलकबोल तथा रिभर्स रिपो बोलकबोल कारोबार अन्तर्गत ऋणी (तरलता उपयोगकर्ता) ले ऋणदाता (तरलता उपलब्धकर्ता) समक्ष धितोको रुपमा राखेको सुरक्षणपत्र ऋणसापटीको भुक्तानी मितिमा निखन्नु पर्ने र यसरी धितोको रुपमा राखिएको सुरक्षणपत्र ऋणीले ऋणदाताबाट ननिखनेमा सो सुरक्षणपत्र ऋणदाताले आफ्नो पूर्ण स्वामित्वमा लिन तथा बेचबिखन गर्न स्पष्ट सम्झौताका शर्तहरुको आवश्यकता महशुस भएकोले तथा रिपो बोलकबोल र रिभर्स रिपो बोलकबोल कारोबारमा संलग्न पक्षहरुको अधिकार एवं कर्तव्यलाई स्पष्ट व्यवस्थाको आधारमा निर्देशित गर्न देहायमा उल्लेखित शर्तहरु निर्धारण गरी नेपाल राष्ट्र बैंक (यसपछि "प्रथम पक्ष" भनिएको) र … … … … … … … … … … … … (यसपछि "द्वितीय पक्ष" भनिएको) बीच यो सम्झौता (Master Repurchase Agreement) गरिएको छ ।

## शर्तहरु

१. कारोबार (Transaction)

(क) यस सम्झौता अन्तर्गतको कारोबार "प्रथम पक्ष" को अग्रसरतामा मात्र हुनेछ ।

(ख) यस सम्झौता अन्तर्गत हुने ऋणसापटी कारोबार धितोमा आधारित (Collateralized Loan) हुनेछ ।

(ग) यस सम्झौताको दफा २ अनुसारको ग्राह्य सुरक्षणपत्र (Eligible Securities) धितो राखी निर्धारित समयावधिका लागि निर्धारित व्याजदरमा ऋणदाताबाट ऋणीले यस्तो ऋणसापटी लिनेछ ।

(घ) यस्तो ऋणसापटी कारोबार बोलकबोलको माध्यमबाट हुनेछ ।

(ङ) ऋणसापटी भुक्तानी हुने दिनमा ऋणीले ऋणदातालाई साँवा र व्याज रकम बुझाउनु पर्नेछ ।

(च) यस सम्झौता अन्तर्गत हुने ऋण सापटी कारोबारको अवधि समितिले आव्हान गरेको सूचनामा तोकिए बमोजिम हुनेछ ।

२. ग्राह्य सुरक्षणपत्र (Eligible Securities)

(क) नेपाल सरकारद्वारा निष्कासित ट्रेजरी बिल, विकास ऋणपत्र तथा नेपाल राष्ट्र बैंकबाट निष्कासित नेपाल राष्ट्र बैंक ऋणपत्र र मौद्रिक नीतिमा उल्लेख भएका अन्य ऋणपत्रहरुलाई मात्र यस प्रयोजनका लागि ग्राह्य सुरक्षणपत्र मानिनेछ ।

(ख) यस सम्झौता अन्तर्गत ऋणसापटी कारोबार गर्न धितो स्वरुप राखिने ग्राह्य सुरक्षणपत्रको भुक्तानी अवधि ऋणसापटीको भुक्तानी अवधि बराबर वा सो भन्दा बढी हुनु पर्नेछ ।

३. धितो (Collateral)

(क) ऋणीले ऋणसापटी रकम (Borrowed Amount) को न्यूनतम ११० प्रतिशत अंकित मूल्य भएको ग्राह्य सुरक्षणपत्र धितो स्वरुप राख्नु पर्नेछ ।

तर, ऋणी "प्रथम पक्ष" भएमा उक्त पक्षले धितो राखेको सुरक्षणपत्रको विवरण (advice) "द्वितीय पक्ष" लाई उपलब्ध गराउने छ, विवरण (advice) का आधारमा "द्वितीय पक्ष" को हकदावी कायम रहनेछ तथा यस्तो विवरण (advice) धितोको रुपमा प्रयोग गर्न सकिनेछ ।

(ख) धितोको मूल्याङ्कन विनियम २१ मा उल्लेखित व्यवस्था बमोजिम हुनेछ ।

(ग) यस्तो धितो स्वरुप रहने सुरक्षणपत्र ऋणदाताको सहमतिमा प्रतिस्थापित (Substitution) गर्न सकिनेछ ।

(घ) धितो स्वरुप रहेको सुरक्षणपत्र ऋणसापटीको भुक्तानी मितिसम्म ऋणदाताले बिक्री गर्न पाउने छैन ।

(ङ) धितो स्वरुप रहने सुरक्षणपत्र एकमुष्ट वा खण्डित वा दुवै हुन सक्नेछ ।

(च) धितो स्वरुप रहेको सुरक्षणपत्र ऋणीले दरपीठ गरी ऋणसापटी लिएको मितिदेखि ऋणदातालाई हक हस्तान्तरण गरिदिनु पर्नेछ ।

(छ) भुक्तानी मितिमा ऋणीले ऋणसापटीको साँवा तथा व्याज सम्पूर्ण भुक्तानी गरिसकेपछि ऋणदाताले धितो स्वरुप रहेको सुरक्षणपत्र दरपीठ गरी ऋणीलाई हक हस्तान्तरण गरिदिनु पर्नेछ ।

(ज) केन्द्रीय निक्षेप प्रणाली (CDS) र धितो पत्रको अभौतिकीकरण (Demat) प्रणाली लागु भएको अवस्थामा "प्रथम पक्ष" ले सूचना जारी गरी खण्ड (च) र (छ) को सट्टा यस्तो दर्ता प्रणालीको माध्यमबाट पनि हक हस्तान्तरण सम्बन्धी व्यवस्थाहरु कायम गर्न सकिनेछ ।

(झ) यस सम्झौता अन्तर्गत ऋणसापटी कारोबारको लागि प्रयोगमा आउने धितोको सम्बन्धमा ऋणीले छुट्टै अभिलेख कायम गर्नु पर्नेछ र यस सम्झौता अन्तर्गत धितोको हक कायम भएको यस्तो सुरक्षणपत्र ऋणदाताको स्वामित्वमा रहेका अन्य सुरक्षणपत्रहरु भन्दा भिन्न किसिमले पहिचान गर्न तदनुरुपको अभिलेख व्यवस्था कायम गर्नु पर्नेछ ।

४. बोलकबोल प्रक्रिया र कारोबार पुष्टी

(क) यस सम्झौताको बुँदा १ खण्ड (क) अनुसार "प्रथम पक्ष" ले निर्धारण गरेको सम्बन्धित कारोबारको ऋणसापटी रकम, सोको अवधि, बोलपत्र पेश गर्नु पर्ने समय आदि विवरणहरु खुलाई "प्रथम पक्ष" ले द्वितीय पक्षलाई टेलिफोन वा अन्य विद्युतीय माध्यमबाट बोलकबोलमा सहभागी हुन सूचना गर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको सूचनामा आधारित भई "द्वितीय पक्ष" ले सम्बन्धित कारोबारमा सहभागी हुन "प्रथम पक्ष" ले निर्धारण गरेको ढाँचा एवं प्रक्रियामा आधारित भई बोलकवोलमा सहभागी हुनु पर्नेछ ।

(ग) बोलकबोलको नतीजाबारे टेलिफोन वा अन्य विद्युतीय माध्यमबाट जानकारी लिनु दिनु पर्नेछ ।

(घ) बोलकबोल सम्बन्धमा समितिको निर्णय अन्तिम हुनेछ ।

(ङ) निम्न विषयहरु उल्लेख गरी “प्रथम पक्ष” ले “द्वितीय पक्ष” लाई कारोबार पुष्टी (Confirmation) को जानकारी दिनेछः

अ) ऋणसापटी लिए/दिएको मिति (Date of Borrowing/Lending)

आ) व्याजदर वा प्रतिफलदर (Rate of Interest)

इ) भुक्तानी मिति (Repayment Date)

ई) आवश्यक अन्य कुराहरु ।

५. भुक्तानी तथा हस्तान्तरण (Payment and Transfer)

यस सम्झौता अन्तर्गत एक पक्ष र अर्को पक्षबीच गरिने सुरक्षणपत्र तथा नगदको हस्तान्तरण सम्बन्धी कार्य निर्धारित प्रक्रिया पूरा गरी तत्काल गर्नु पर्नेछ ।

६. प्रतिनिधित्व (Representation)

(क) दुवै पक्षका आधिकारिक प्रतिनिधिले यस सम्झौतामा हस्ताक्षर गरेको हुनु पर्नेछ ।

(ख) यस सम्झौता अन्तर्गत हुने ऋणसापटी कारोबार सम्बन्धी कार्यान्वयन लगायत भुक्तानी तथा हस्तान्तरण सम्बन्धी कार्यहरु सम्पादन गर्नको लागि दुवै पक्षको तर्फबाट अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर आवश्यक पर्नेछ ।

७. दायित्व निर्वाह गर्न असमर्थताको अवस्था (Events of Defaults) र सो सम्बन्धी व्यवस्था

(क) निम्न अवस्थामा दायित्व निर्वाह गर्न असमर्थ भएको मानिने छः

अ) ऋणसापटी लिने दिने मितिमा ऋणीले ऋणदातालाई सुरक्षणपत्रको हक हस्तान्तरण गर्न असमर्थ भएमा वा ऋणदाताले ऋणीबाट सुरक्षणपत्र खरिद गर्न असमर्थ भएमा ।

आ) भुक्तानी मितिमा ऋणीले ऋणदातालाई साँवा तथा व्याज भुक्तानी गर्न असमर्थ भएमा ।

इ) कुनै पक्षले यस सम्झौतामा उल्लेखित शर्तको पालना नगरेमा ।

(ख) सम्बन्धित पक्षले दायित्व निर्वाह गर्न असमर्थ भएको अवस्थामा देहाय बमोजिम हुनेछः

अ) ऋणसापटी लिने दिने मितिमा ऋणीले सुरक्षणपत्र हस्तान्तरण गर्न नसकेमा स्वीकृत ऋणसापटी रकमको एकमुष्ट २.५० प्रतिशतले हुने रकम हर्जाना स्वरुप अर्को पक्षलाई बुझाउनु पर्नेछ ।

आ) ऋणसापटी लिने दिने मितिमा निर्धारित प्रक्रियागत व्यवस्थाको आधारमा ऋणदाताले ऋणसापटी प्रदान गर्न नसकेमा स्वीकृत ऋणसापटी रकमको एकमुष्ट २.५० प्रतिशतले हुने रकम हर्जाना स्वरुप अर्को पक्षलाई बुझाउनु पर्नेछ ।

इ) भुक्तानी मितिमा ऋणीले साँवा व्याज भुक्तानी गर्न नसकेमा भुक्तानी मिति पश्चात् पाँच कार्य दिनभित्र उक्त ऋणसापटीको निर्धारित व्याजदरमा १.५० प्रतिशत विन्दुले पेनाल व्याज थप भुक्तानी गरी ऋणीले धितोको रुपमा ऋणदातासँग रहेको सुरक्षणपत्र निखन्न सक्नेछ । उक्त अवधिसम्म पनि कारोबार राफसाफ नभएमा धितोको रुपमा रहेको सुरक्षणपत्रको प्राथमिक निष्कासनमा कायम भएको औसत बट्टादरमा १.५० प्रतिशत विन्दुले पेनाल व्याज थप गरी हुन आउने दरलाई बट्टादर कायम गरी ऋणदाताले सुरक्षणपत्र पूरै खरिद गर्न सक्नेछ ।

ई) "प्रथम पक्ष" ऋणदाता भएको अवस्थामा ऋणीबाट भुक्तानी मितिमा साँवा व्याज असुल भएपछि ऋणीको आधिकारिक पत्रको आधारमा ऋणदातासँग रहेको सुरक्षणपत्र हकहस्तान्तरण गरी ऋणीलाई उपलब्ध गराउनु पर्नेछ । "प्रथम पक्ष" ऋणी भएको अवस्थामा "प्रथम पक्ष" ले उपलब्ध गराएको विवरण (advice) को बहाली मिति (Validity date) सम्म कुनै दावी विरोध नआएमा भुक्तानी मितिमा "द्वितीय पक्ष" लाई साँवा व्याज भुक्तानी गरी दिएपछि सुरक्षणको रुपमा उपलब्ध गराएको विवरण (advice) स्वत: रद्द भएको मानिने छ ।

उ) यस अन्तर्गत कारोबार गर्ने कुनै एक पक्षले यो सम्झौतामा उल्लेखित कुनै वा सम्पूर्ण शर्तहरु पालना गर्न नसकेको वा नचाहेको अवस्थामा अर्को पक्षले सम्झौताको पूर्ण पालना गराउन समिति समक्ष निवेदन गर्न सक्नेछ ।

ऊ) यस सम्झौता अन्तर्गत भएको ऋण सापटीको भुक्तानी मितिमा कुनै सार्वजनिक विदा परी वा काबु बाहिरको परिस्थितिको कारणले कारोबार राफसाफ हुन नसकेमा सो मितिपछिको कारोबार गर्न सकिने दिन वा कार्यालय खुल्ने दिन हिसाव मिलान गरिने छ ।

(ए) ऋणदाता वा ऋणी कुनै कारणवस दामासाहीमा परेमा वा त्यस्तो अवस्थामा पुग्न गएमा कारोबार माथिको अर्को पक्षको अग्राधिकार दावी (साँवा व्याज भुक्तानी तथा सुरक्षणपत्र हस्तान्तरण) कायमै रहनेछ ।

८. विविध

(क) यो सम्झौता "प्रथम पक्ष" र "द्वितीय पक्ष" ले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ ।

(ख) यो सम्झौतामा संशोधन, थपघट वा परिमार्जन गर्नु परेमा वा सम्झौता नै भंग गर्नु परेमा "प्रथम पक्ष" र "द्वितीय पक्ष" को सहमतिमा गर्न सकिनेछ ।

(ग) यो सम्झौतामा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल राष्ट्र बैंक ऐन, २०५८, राष्ट्र ऋण ऐन, २०५९, राष्ट्र ऋण नियमावली, २०५९, अन्य प्रचलित नेपाल कानून र नेपाल राष्ट्र बैंकको मौद्रिक नीति, निर्देशन तथा व्यवस्थासँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

(घ) यस सम्झौताको कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण कार्यहरु (बोलपत्र आह्वान, बोलपत्र पेश, बोलपत्र स्वीकृति, खाता खर्च/जम्मा आदि) यस सम्झौताका पूरक कार्यहरुको रुपमा रहनेछन् ।

(ङ) यस सम्झौतामा उल्लेख भएका कुनै विषयको व्याख्या गर्ने तथा यस सम्झौता कार्यान्वयनका लागि आवश्यक निर्णय गर्ने अधिकार समितिमा रहनेछ ।

| नेपाल राष्ट्र बैंकको तर्फबाट आधिकारिक प्रतिनिधि: | ... ... ... ... ... ... . को तर्फबाट आधिकारिक प्रतिनिधि: |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| विभाग: | विभाग: |
| कार्यालयको छाप: | कार्यालयको छाप: |
| **साक्षी:** | **साक्षी:** |
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| विभाग: | विभाग: |

इति सम्बत् २०...... साल ...... महिना ... गते रोज ... शुभम् .................. ।

<u>अनुसूची - २</u>

मितिः

नेपाल राष्ट्र बैंक,
केन्द्रीय कार्यालय
राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौं ।

विषयः- <u>स्थायी तरलता सुविधा सम्बन्धमा</u> ।

महाशय,

हाम्रो स्वामित्वमा रहेको निम्न विवरणको सरकारी ऋणपत्र स्थायी तरलता सुविधा (Standing Liquidity Facility - SLF) अन्तर्गत धितोमा राखी निम्नानुसारको SLF रकम त्यस बैंकको बैंकिङ्ग कार्यालयमा रहेको हाम्रो खातामा जम्मा गर्न देहायका ट्रेजरी विल/विकास ऋणपत्रहरु यसैसाथ पठाएका छौं । कबुल गरेको मितिमा उक्त ऋणपत्र निखन्नको लागि हाम्रो खातामा पर्याप्त मौज्दात नभएको खण्डमा नियमानुसारको थप हर्जाना तिर्न समेत मञ्जुर गर्दछौं ।

<table>
<tr><td colspan="2">SLF लिने दिने भन्दा अघिल्लो दिन मिति को स्वामित्व विवरणः (रु.करोडमा)</td><td>SLF लिने मितिः</td></tr>
<tr><td>ट्रेजरी विल</td><td></td><td>SLF निखन्न कवुल गरेको मिति</td></tr>
<tr><td>विकास ऋणपत्र</td><td></td><td>SLF को अवधिः दिन</td></tr>
<tr><td>जम्मा रकम</td><td></td><td>SLF ब्याजदर (%)</td></tr>
<tr><td>लिन सक्ने अधिकतम रकम</td><td></td><td>SLF ब्याज रकम रु.</td></tr>
<tr><td>माग गरेको SLF रकम</td><td></td><td rowspan="6">खाता नं. मा जम्मा गर्ने रकम रु.<br>(अक्षरेपी ..................................................................................................................... मात्र)</td></tr>
<tr><td colspan="2">धितोको रुपमा राखिएको ऋणपत्रको अंकित मूल्यः</td></tr>
<tr><td>ट्रेजरी विल</td><td></td></tr>
<tr><td>विकास ऋणपत्र</td><td></td></tr>
<tr><td>जम्मा रकम</td><td></td></tr>
<tr><td colspan="2">माग गरेको SLF रकमको हुन आउने धितोको %</td></tr>
<tr><td colspan="3">धितो निखन्ने मितिमा स्थायी तरलता सुविधाको साँवा र ब्याज रकम हाम्रो खाताबाट खर्च लेखी हिसाव मिलान गर्न समेत यसै पत्रबाट अख्तियार प्रदान गर्दछौं ।</td></tr>
</table>

<table>
<tr><td>ट्रेडरको</td><td colspan="3">बैंकको</td></tr>
<tr><td>दस्तखत</td><td colspan="3">खाता संचालकहरु</td></tr>
<tr><td>नाम</td><td>दस्तखतः</td><td></td><td></td></tr>
<tr><td>कार्यालयको छापः</td><td>नामः</td><td></td><td></td></tr>
<tr><td>फोन नं.:</td><td>पद</td><td></td><td></td></tr>
</table>

स्थायी तरलता सुविधा लिनु पर्नाको कारण (प्रयोजन/उद्देश्य):-

अनुसूची - ३

# धितो राखिएका ऋणपत्रहरुको विवरण

(रकम रु.करोडमा)

| सि.नं. | सिरिज नं. | क्रमसंख्या | भुक्तानी मिति | ऋणपत्रको अंकित मूल्य | SLF रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | जम्मा | | |

# स्थायी तरलता सुविधा सम्बन्धी कार्यविधि, २०७३

**प्रस्तावना**

बैंकिङ प्रणालीमा तत्काल आई पर्ने अल्पकालीन तरलता समस्यालाई सम्वोधन गर्ने उदेश्यले नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ को विनियम १७ बमोजिम प्रदान गरिदै आएको स्थायी तरलता सुविधा (Standing Liquidity Facility-SLF) लाई व्यवस्थित बनाउन आवश्यक देखिएकोले नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ को विनियम २३ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम "**स्थायी तरलता सुविधा सम्बन्धी कार्यविधि,२०७३**" रहेको छ ।

(२) यो कार्यविधि गभर्नरबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।*

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले राष्ट्रऋण व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(ग) "तोकिए बमोजिमका संस्था" भन्नाले स्थायी तरलता सुविधा उपयोग गर्न पाउने भनी मौद्रिक नीतिमा तोकिए बमोजिमका बाणिज्य बैंक ("क" वर्ग), विकास बैंक ("ख"वर्ग) र वित्त कम्पनी ("ग"वर्ग) सम्झनु पर्छ ।

(घ) "ब्याजदर" भन्नाले स्थायी तरलता सुविधा प्रयोजनका लागि बैंकले मौद्रिक नीति मार्फत तोकेको बैंकदर सम्झनु पर्छ ।

(ङ) "सुरक्षण पत्र" भन्नाले नेपाल राष्ट्र बैंक खुला बजार कारोबार बिनियमावली, २०७१ को विनियम २० मा तोकिए बमोजिमका सरकारी ऋणपत्रहरु (ट्रेजरी बिल, विकास ऋणपत्र), नेपाल राष्ट्र बैंक ऋणपत्र र बैंकद्वारा निर्धारित अन्य सुरक्षणपत्र सम्झनु पर्छ ।

(च) "खुला बजार कारोबार सञ्चालन समिति" भन्नाले नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ को विनियम ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## स्थायी तरलता सुविधा सम्बन्धी व्यवस्था

३. **स्थायी तरलता सुविधा लिन विभागमा निवेदन दिनुपर्नेः**

(१) यो सुविधा लिन चाहने तोकिए बमोजिमका संस्थाले तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ । निवेदनको ढाँचा अनुसूचि-२ मा उपलब्ध छ ।

(२) यो सुविधा तोकिए बमोजिमका संस्थाले मात्र लिन पाउनेछन् ।

---

* *यो कार्यविधि गभर्नरबाट मिति २०७३/११/३० गते स्वीकृति भएको हो ।*

(३) यो सुविधा अन्तिम उपायको रुपमा उपयोग हुनुपर्ने हुँदा निवेदनमा सुविधा लिनुपर्नाको कारण (प्रयोजन/उदेश्य) स्पष्ट खुलाउनु पर्नेछ । आवश्यक देखिएमा थप विवरण माग्न वा स्थलगत अनुगमन समेत गर्न सकिनेछ ।

(४) स्थायी तरलता सुविधा लिन चाहने संस्थाको यस बैंकमा खाता हुनुपर्नेछ ।

(५) यो सुविधा उपयोग गरे वापत तोकिए बमोजिमको ब्याजदरमा बैंकलाई ब्याज तिर्नुपर्नेछ ।

(६) यो सुविधा लिनको लागि पेश गरिने निवेदनमा सम्बन्धित संस्थाका कम्तिमा दुईजना आधिकारिक व्यक्तिको दस्तखत र संस्थाको छाप लागेको हुनुपर्नेछ ।

(७) स्थायी तरलता सुविधा माग गर्नको लागि पेश गर्नुपर्ने निवेदन, धितोको विवरण एवम् धितो राखिने सुरक्षणपत्रहरुको सक्कल प्रति कार्यालय समय सकिनु कम्तिमा एक घण्टा अगावै विभागमा प्राप्त हुनुपर्नेछ ।

(८) स्थायी तरलता सुविधाको अधिकतम भुक्तानी समयावधि हाल ७ कार्यदिन रहेको छ । यो सुविधाको अधिकतम अवधि बैंकले मौद्रिक नीतिमा तोके बमोजिम हुनेछ । यस्तो अवधिको गणना कार्यालय खुलेको दिन (Working Days) को आधारमा गरिनेछ । यो सुविधा वापत लिएको ऋण तथा ब्याज निखन्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको कार्यालय खुलेको दिनमा निखन्नु पर्नेछ । यस्तो अवस्थामा सुविधाको अधिकतम भुक्तानी समयावधि सुविधा लिएको दिन भन्दा बढी पनि हुन सक्नेछ ।

## परिच्छेद-३

## धितो सम्बन्धी व्यवस्था

### ४. सुरक्षणको रुपमा धितो राख्नुपर्ने व्यवस्थाः

(१) यो सुविधा लिनको लागि तोकिए बमोजिमका सुरक्षणपत्र धितो राख्नु पर्नेछ ।

(२) निवेदन साथ सुरक्षणको रुपमा धितो राख्न चाहेका सुरक्षणपत्रहरुको विवरण पेश गर्नुपर्नेछ । धितोको रुपमा सुरक्षण राख्न चाहेका सुरक्षणपत्रहरुको विवरण अनुसूचि-३ बमोजिमको फारममा उल्लेख गर्नुपर्नेछ ।

(३) तोकिए बमोजिमका संस्थाले आफ्नो स्वामित्वमा रहेका सुरक्षणपत्रहरुको ९० प्रतिशतसम्ममात्र स्थायी तरलता सुविधा उपभोग गर्न सक्नेछन् ।

(४) धितोको रुपमा सुरक्षण राख्नुपर्ने सुरक्षणपत्रहरुको सक्कलै प्रति (ब्याज भुक्तानी पुर्जा संलग्न भएका सुरक्षणपत्रको हकमा ब्याज भुक्तानी पुर्जा समेत) निवेदनसाथ विभागमा पेश गर्नुपर्नेछ । उपत्यका बाहिरका संस्थाले धितो राख्नुपर्ने सुरक्षणपत्रहरुको सक्कलै प्रति नजिकको बैंकको कार्यालयमा समयमै पेश गर्नुपर्नेछ ।

(५) स्थायी तरलता सुविधा वापत लिएको रकम ननिखनिएसम्म धितोमा रहेका सुरक्षणपत्रहरु बैंकको अभिलेखमा रोक्का रहने छन् ।

### ५. धितोमा रहेका सुरक्षणपत्र फिर्ता सम्बन्धी व्यवस्थाः

(१) स्थायी तरलता सुविधाको अवधि पुरा भएपछि सुविधा वापत लिएको साँवा र सोको ब्याज रकम बैंकले फिर्ता भुक्तानी प्राप्त गरे पश्चात् धितोको रुपमा रहेका सुरक्षणपत्र फिर्ता गरिनेछ ।

(२) स्थायी तरलता सुविधा लिएको संस्थाको अनुरोध पत्रको आधारमा धितोमा रहेका सुरक्षणपत्र फिर्ता गरिनेछ ।

६. **<u>धितोमा रहेका सुरक्षणपत्रबाट पुनः यो सुविधा लिने सम्बन्धी व्यवस्थाः</u>**

(१) यो सुविधा लिएका संस्थाले विभाग समक्ष धितो राखेका सुरक्षणपत्र पुनः धितो राखी यो सुविधा लिन चाहेमा यस अघि सो सुविधा वापत लिएको पुरै साँवा-ब्याज रकम चुक्ता गरी धितो फुकुवा भएपछि मात्र पुनः सोही सुरक्षणपत्र धितो राखी यो सुविधा लिन पाउनेछन् । तर सुरक्षण स्वरुप राखेको धितोले खामेसम्म सोही सुरक्षणपत्रको धितोमा पुनः यस्तो सुविधा लिन भने बाधा पर्नेछैन ।

(२) माथि बुँदा नं. ६ (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो सुविधा वापत पहिले लिएको साँवा र सो वापत तिर्नुपर्ने ब्याज रकम पुरै चुक्ता गर्न बैंकखातामा पर्याप्त मौज्दात कायम नभएको अवस्थामा बैंक समक्ष धितोको रुपमा रहेका सुरक्षणपत्रको धितोमा पुनः यो सुविधा लिन भने पाउनेछन् । यस्तो अवस्थामा धितो स्वरुप रोक्का रहेका सुरक्षणपत्र फुकुवा गरी पुनः उक्त सुविधा प्रदान गर्ने प्रयोजनका लागि मात्र विभागले सम्बन्धित संस्थाको यस बैंकमा रहेको खाता खर्च गरी लिनुपर्ने रकम असुल गरिसकेपछि पुनः सोही सुरक्षणपत्रको धितोमा सम्बन्धित संस्थाको यस बैंकमा रहेको खातामा उक्त सुविधा वापतको रकम जम्मा गरिदिने छ ।

## परिच्छेद-४

### <u>रकम उपलब्ध गराउने, निखन्ने तथा हर्जाना सम्बन्धी व्यवस्था</u>

७. **<u>रकम उपलब्ध गराउने सम्बन्धी व्यवस्थाः</u>**

(१) स्थायी तरलता सुविधा उपभोग गर्नका लागि रीतपूर्वकको निवेदन पेश भए पश्चात् आवश्यक प्रक्रिया पुर्‍याई सोही दिन सम्बन्धित संस्थाको यस बैंकमा रहेको खातामा स्वीकृत रकम जम्मा गरिनेछ ।

(२) उपत्यका बाहिरका संस्थाहरुले सुविधा वापत धितो राख्नुपर्ने तोकिए बमोजिमका सुरक्षणपत्रको सक्कल प्रति नजिकको बैंकको कार्यालयमा पेश गरेको प्रमाणित भए पश्चात् मात्र स्वीकृत रकम जम्मा गरिनेछ ।

८. **<u>सुविधा निखन्ने सम्बन्धी व्यवस्थाः</u>**

(१) उपयोग भएको स्थायी तरलता सुविधाको अवधि पुरा भएपछि निखन्ने दिनमा सुविधा वापत प्रदान गरिएको साँवा रकम र तोकिए बमोजिमको दरले हुन आउने ब्याज रकम सम्बन्धित संस्थाको यस बैंकमा रहेको खातामा खर्च गरी बैंकले फिर्ता लिनेछ ।

(२) सुविधा निखन्ने दिनमा सुविधा वापत लिएको साँवा-ब्याज रकम बैंकलाई फिर्ता भुक्तानी गर्नको लागि उक्त संस्थाको यस बैंकमा रहेको खातामा पर्याप्त मौज्दात कायम हुनु पर्नेछ ।

(३) यो सुविधा निखन्ने दिन सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा निखन्नु पर्नेछ । यसोगर्दा निखन्ने दिनभन्दा अघिल्लो दिनसम्मको तोकिएको दरले हुन आउने ब्याज रकम समेत असुल गरिनेछ ।

९. **हर्जाना सम्बन्धी व्यवस्थाः**

(१) सुविधा वापत लिएको ऋण रकम निखन्ने दिनमा सम्बन्धित संस्थाले यस बैंकमा रहेको खातामा पर्याप्त मौज्दात कायम गर्न नसकेमा हर्जाना तिर्नु पर्नेछ ।

(२) यस बैंकमा रहेको खातामा पर्याप्त मौज्दात कायम नभई सुविधा निखन्न नसकिने अवस्था आई परेमा आवश्यक मौज्दात कायम नभएसम्मको अवधिका लागि विभागले सुविधा वापत लिने ब्याजदरमा त्यतिनै दरमा हर्जाना थप गरी असुल गर्नेछ ।

१०. **धितो सकार सम्बन्धी व्यवस्थाः**

(१) सुविधा वापत लिएको साँवा तथा सोको ब्याज रकम फिर्ता भुक्तानी गर्न नसक्ने अवस्था आईपरेमा सुरक्षण वापत विभागमा धितो रहेका सुरक्षणपत्र खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार बैंकले सकार गर्नेछ ।

(२) सुरक्षणको रुपमा धितो रहेका सुरक्षणपत्र बैंकले सकार गर्नुपर्ने अवस्था आईपरेमा सम्बन्धित संस्थाले सुविधा वापत धितो रहेका सुरक्षणपत्र सकार गरी साँवा-ब्याज रकम असुल गर्नुहुन भनी विभागलाई लिखित अनुरोध गर्नुपर्नेछ । तर धितोमा रहेका सुरक्षणपत्रको मूल्यभन्दा साँवा, ब्याज तथा हर्जाना रकम बढी हुन जाने अवस्था देखिएमा सम्बन्धित संस्थाको लिखित अनुरोधको आवश्यकता पर्नेछैन ।

(३) सुरक्षणको रुपमा धितो रहेका सुरक्षणपत्र बैंकले सकार गरी सुविधा वापत प्रदान गरिएको साँवा-ब्याज तथा हर्जाना रकम असुलउपर गरी बाँकी रहेको रकम सम्बन्धित संस्थाको यस बैंक स्थित खातामा जम्मा गरी दिनेछ ।

(४) सुरक्षणको रुपमा धितो रहेका सुरक्षणपत्र बैंकले सकार गर्ने सम्बन्धमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-५

## विविध

११. **तोकिए बमोजिम हुनेः**

(१) स्थायी तरलता सुविधा उपभोग गर्न पाउने संस्था, धितो राख्नुपर्ने सुरक्षणपत्रहरु, सुविधाको अधिकतम अवधि, ब्याजदर, सुविधा वापत धितो राख्नु पर्ने सुरक्षणपत्रको अधिकतम सीमा रकम तथा अन्य शर्तहरु बैंकले समय-समयमा तोके बमोजिम हुनेछ ।

१२. **खारेजी र बचाउः**

(१) यो कार्यविधि लागू भएपछि स्थायी तरलता सुविधाका सम्बन्धमा यस भन्दा अघिको कार्यविधि अनुसार भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

(२) स्थायी तरलता सुविधा सम्बन्धी कार्यविधि, २०६५ र २०७१ खारेज गरिएको छ ।.